




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



आत्महत्या समस्याको समाधान होइन, अमुल्य जीवन त्यसै खेर नफालौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



❑ वर्ष २२ ❑ अङ्क ३२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर २६ गते आइतबार ❑ 12 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## कांग्रेस महाधिवेशनमा ६ जनाको सभापतिमा उम्मेदवारी

रासस
काठमाडौं, २५ मंसिर

नेपाली कांग्रेसको १४औं महाधिवेशनमा ६ जना सभापतिसहित ३९ जनाको पदाधिकारीमा उम्मेदवारी परेको छ।

नयाँ कार्यसमिति चयनका लागि राजधानीको राष्ट्रियसभा गृहमा शनिबार भएको उम्मेदवारी मनोनयन दर्तामा पदाधिकारीको लागि उक्त संख्यामा उम्मेदवारी मनोनयन पत्र दर्ता भएको केन्द्रीय निर्वाचन समितिले जनाएको छ। बिहान १० बजेदेखि साँझ पाँच बजेसम्म उम्मेदवारी मनोनयन समयावधि तोकिएको थियो।

निर्वाचन समितिका अनुसार सभापतिमा शेरबहादुर देउवा, प्रकाशमान सिंह, विमलेन्द्र निधी, डा शेखर कोइराला, कल्याण गुरुङ र युवराज न्यौपानेको उम्मेदवारी परेको छ। उपसभापतिमा विजयकुमार गच्छदार, महेश आचार्य, सुजाता कोइराला, डा चन्द्र भण्डारी, धनराज गुरुङ, दिव्यश्वरी साह र पूर्णबहादुर खड्काले मनोनयन दर्ता गराउनुभएको छ। यसैगरी महामन्त्रीमा डा मीनेन्द्र रिजाल, डा प्रकाशशरण महत, विश्वप्रकाश शर्मा, गगनकुमार थापा, प्रदीप पौडेल र डा राजाराम कार्कीको उम्मेदवारी परेको छ। सहमहामन्त्रीमा मानबहादुर विश्वकर्मा, बद्रीप्रसाद पाण्डे, फर्मुल्लाह मनसुर, सुरेन्द्र चौधरी, शेख वकिल, देवराज चालिसे, किशोरसिंह राठौर, रञ्जीत कर्ण, जीवन परियार, रामकृष्ण यादव, जीवनबहादुर शाही, विकास लामा, कमला पन्त, तेजुलाल चौधरी, भीष्मराज आङ्दाङ्वे, चेतनाराज बजाल, उमाकान्त चौधरी, गङ्गा सुनार, महेन्द्र यादव र डिना उपाध्यायले उम्मेदवारी मनोनयन गर्नुभएको निर्वाचन समितिले जनाएको छ।

त्यस्तै केन्द्रीय सदस्यतर्फ पिछडिएका समूहबाट दुई, अपाङ्ग कोटामा १७, अल्पसंख्यकमा ६, मुस्लिम कोटामा १६, थारु समुदायबाट १४, मधेशीमा ३२, दलित ३९, महिला ३१, खसआर्यतर्फ ८३ जना, आदिवासी जनजाति क्लष्टरबाट ८७ जना र खुलातर्फ ११० जनाको उम्मेदवारी परेको छ। यसैगरी प्रदेश १ बाट १३, प्रदेश २ बाट पाँच, लुम्बिनी प्रदेशका लागि ११, गण्डकीका लागि ६, कर्णालीका लागि छ, सुदूरपश्चिम प्रदेशका लागि १२, वाग्मतीका लागि नौ जनाले उम्मेदवारी मनोनयन गराउनुभएको छ। निर्वाचन प्रक्रियाको काम भृकुटीमण्डप र राष्ट्रियसभागृहबाट भइरहेको छ। कांग्रेस केन्द्रीय कार्यसमितिका पदाधिकारीमध्ये एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र आठ सहमहामन्त्रीको निर्वाचन हुने व्यवस्था छ। कोषाध्यक्ष भने निर्वाचित केन्द्रीय सदस्य मध्येबाट निर्वाचित हुने व्यवस्था छ। यसैगरी ३५ खुला केन्द्रीय सदस्य, महिला नौ, प्रत्येक प्रदेशबाट तीन जनाका दरले २१, दलित नौ, आदिवासी/जनजाति १५, खस/आर्य १३, मधेसी नौ, थारु चार, मुस्लिम तीन, पिछडिएको क्षेत्रबाट एक, अल्पसङ्ख्यकबाट एक, अपाङ्गताबाट एक सदस्य गरी कूल १३४ पदाधिकारी तथा सदस्यको निर्वाचन हुने विधानको व्यवस्था छ। यसबाहेक केन्द्रीय सभापतिले ३३ जना मनोनित गर्ने विधानमा उल्लेख छ। पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्षको हुनेछ। असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने विधानको व्यवस्था छ।

यस महाधिवेशनमा महाधिवेशन प्रतिनिधिको संख्या जम्मा चार हजार ७४३ कायम रहेको छ। पार्टीको केन्द्रीय निर्वाचन समितिका अनुसार १६५ संघीय निर्वाचन क्षेत्र, भ्रातृ तथा शुभेच्छुक संस्था र विदेशस्थित जनसम्पर्कबाट गरी उक्त संख्यामा महाधिवेशन प्रतिनिधि चयन हुनुभएको हो। यसअघि शुक्रबार भृकुटीमण्डपमा भव्य समारोहका बीच महाधिवेशनको उद्घाटन भएको थियो।

## माओवादीद्वारा सहिद तथा बेपत्ता परिवारका सदस्य र घाइतेलाई सम्मान

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर




नेपाल कम्यूनिष्ट पार्टी माओवादी केन्द्र गण्डकी प्रदेशले जनयुद्धका प्रथम सहिद दिलबहादुर रम्तेलका परिवार सहित एकै मन्चमा १३ जनालाई सम्मान गरेको छ।

माओबादी केन्द्र प्रदेशको प्रथम महाधिवेसनको अवसरमा शनिबार केन्द्रले जनयुद्धका सहीद परिवार, घाईते तथा अपाङ्गता र जनयुद्धमा महत्वपूर्ण योगदान पुऱ्याउने ज्येष्ठ कम्युनिष्टहरुलाई सम्मान गरेको हो।

कार्यक्रममा प्रथम सहिद रम्तेलका बुबा सेते रम्तेल सहितका व्यक्तिलाई नेकपा माओवादी केन्द्रका स्थायी कमिटी सदस्य देव गुरुङ, स्थायी कमिटी सदस्य तथा शिक्षा मन्त्री देबेन्द्र पौडेल (सुनिल), केन्द्रका प्रदेश अध्यक्ष हरि अधिकारी लगायतले सम्मान पत्रको साथमा दोसल्ला ओढायर सम्मान गरेका थिए। सम्मानित हुनेहरुमा एकै घरका चार जना सहीद भएका ईन्दु अधिकारी, सहीद सुरेश वाग्लेका छोरा विकास वाग्ले, वेपत्ता पूर्ण पौडेलकी आमा मोतीमाया पौडेल, लामो समय जेल जीवन बिताएका नेता झलकपाणी तिवारी रहेका छन। त्यस्तै पुराना कम्युनिष्ट नेता पूर्णबहादुर गुरुङ (डाँफे बा) ज्येष्ठ कम्युनिष्ट नेता डिल्लीजङ्ग गुरुङ, ज्येष्ठ कम्युनिष्ट नेता चन्द्रबहादुर जिसी, भरतचन्द्र अधिकारी, कलावती अधिकारी र गजेन्द्र अधिकारीका परिवार सरोज अधिकारी, घाईते कमला नहर्की, गजुरी सैन्य हिर ासत ब्रेकर कृष्ण पन्त (सेवक), जनयुद्धकी घाईते तथा जनयुद्ध पत्रकार गोमा घिमिरे (रुची), पूर्व ब्रिगेड कमाण्डर टुकबहादुर थापा रहेका छन्। आइतबारसम्म चल्ने अधिवेसनमा प्रदेशका ८ सय ४६ जना प्रतिनिधि सहभागि भएको माओबादी केन्द्रका नेता दीपक कोइराला रुपकले बताए। उनका अनुसार ९ पदाधिकारी सहित २ सय २९ सदस्य नयाँ कार्यसमिति निर्वाचित हुने भएको छ। आगामी तीन बर्षको लागि उक्त निर्वाचन हुने भएको हो। निर्वाचन भन्दा पहिला सर्वसम्वतको प्रयास हुने भएको नेताहरुले जनाएका छन्।

यसैबिच उक्त अधिवेसनको पार्टी अध्यक्ष एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गर्दै वित्तिय एकाधिकार पुंजिबादले अर्थतन्त्रलाई आफ्नो पोल्टामा पारेकोले त्यसका बिरुद्ध अब लड्नु पर्ने अबस्था आएको बताए। नाफा कमाउन अहिलेको डिजिटल प्रविधिले पुंजिबादीलाई थप सहयोग पुगेको बताउदै प्रचण्डले यसका बिरुद्ध लड्नको लागि हाल अनुसन्धान भई रहेको दाबी गरे। उनीहरु बिरुद्ध लड्न अब स्थानिय तहबाटै कुनै बैदेशीक कम्पनी वा कर्पोरेटलाई प्राकृतिक


बाँकी अन्तिम पृष्ठमा ▶▶


## २३ औं पोखरा सडक महोत्सव पुष १५ देखि हुने

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर

२३ औं सस्करणको पोखरा सडक महोत्सव २०७८ आउँदो पुष महिनाको १५ गते देखि पोखरामा हुने भएको छ।

कोभिड १९ को स्वास्थ्य मापदण्डलाई पालना गर्दै, पोखरा खुल्दैछ भन्ने सकरात्मक सुचना प्रवाह गरि पर्यटन प्रवर्द्धन गर्ने उद्धेश्यले पुष १७ गतेसम्म पोखरामा पोखरा सडक महोत्सव हुने भएको शनिबार पोखरामा आयोजिनत पत्रकार सम्मेलनमा जानकारी गराईएको हो।

'सडकमै खाउ, सडकमै रमाउ' भन्ने उद्देश्यका साथ विभिन्न साँस्कृतिक कार्यक्रम, मौलिक भेषभुषा प्रर्दशन गरि यस कार्यक्रमको शोभा बढाउन आयोजक समितिले विभिन्न किसिमका आकर्षणहरुको व्यवस्था गरिएको रेवान पोखराका अध्यक्ष लक्ष्मण बरालले बताए। "अङ्गेजी नयाँ बर्षको गन्तव्य स्थलँ को रुपमा सडक महोत्सवले पोखराको प्रवर्द्धन गर्दै आएको उनले जनाए। महोत्सवमा राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खानाको प्रदर्शन, दोहोरी प्रतियोगिता, झाँकि प्रदर्शन, रात्रिकालिन कन्सर्ट, डुङ्गा दौड, ह्वीलचियर दौड, वेटर रेस, टग अफ वार लगायतका खेलकुद प्रतियोगिताहरु समेत रहेको बरालले जनाए। महोत्सव अवलोकनमा आउनेहरुको सहजताका लागि रात्रिकालिन बस सेवाको पनि व्यवस्था गरिने भएको उनले जनाए। दुई दशक भन्दा बढि समयदेखि पोखराको पर्यटन प्रवर्द्धन र बिकासमा टेवा पुऱ्याउदै आएको पोखरा सडक महोत्सवलाई रेवान पोखराले देशको विभिन्न राजनैतिक अस्थिरता, २०७२ सालको महाभूकम्प, चरम नाकाबन्दी जस्ता समस्याका बावजुद निरन्तर दिंदै आएको अध्यक्ष बरालले दाबी गरे।

गत बर्ष कोभिड -१९ को महामारीमा पनि तीन दिने महोत्सव आयोजना गरिएको उनले स्मरण गरे। पोखरा सडक महोत्सव सम्पन्न गर्न सस्थाका प्रथम उपाध्यक्ष नरेश भट्टराईको सयोजकत्वमा विभिन्न उपसमिति गठन भएको छ। त्यसै गरी समितिको सचिवमा भिष्म राज पौडल, सह कोषाध्यक्ष रोशन जंग कार्की रहेका छन। पोखरा पर्यटन परिषदका अध्यक्ष गोपी बहादुर भट्टराईले कोरोनाको नयाँ भाइरस ओमिक्रोनका कारण विदेशबाट नेपाल आउने तयारी गरेका केही पर्यटकले अग्रिम टिकट बुकिङ रद्ध गर्न थालेको गुनासो गरे।

## नेतृत्वको प्रतिस्पर्धाबाट अलग रहने नेता पौडेलको घोषणा

रासस
काठमाडौं, २५ मंसिर

नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलले आफू पार्टीको जारी १४औं महाधिवेशनमा नेतृत्वको प्रतिस्पर्धाबाट अलग रहने घोषणा गर्नुभएको छ।

पार्टीको महाधिवेशन केवल व्यक्तिको छनोट गर्ने मात्र थलो नभई यसले पार्टीलाई स्पष्ट नीति, योजना र एकताको सन्देश दिनु आवश्यक रहेको भन्दै उहाँले पार्टीभित्र अहिले देखिएको परिस्थितिमा नेतृत्वका लागि प्रतिस्पर्धा नगर्ने घोषणा गर्नुभएको हो।

शनिबार प्रेस विज्ञप्ति जारी गर्दै उहाँले पार्टीका कार्यकर्ता र महाधिवेशन प्रतिनिधिलाई यो दिशामा आफ्नो ध्यान लगाउन तथा सुदृढ, सबल र एकताबद्ध पार्टी निर्माणमा एकजुट हुन आग्रहसमेत गर्नुभएको छ। नेता पौडेलले भन्नुभयो, "मैले कांग्रेसलाई जुन रुपमा बुझ्दै आएको थिए, त्यो कांग्रेसमा विचलन आइरहेको मैले अनुभव गर्नुपरेको छ।" उहाँले पार्टी सत्ताको भऱ्याङमा सीमित नहोस् भनेर यसका संस्थापक नेताहरू बिपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराईले आदर्श र मूल्यका लागि जीवनभर सङ्घर्ष गरेको स्मरण पनि उहाँले विज्ञप्तिमा गर्नुभएको छ।

चौधौं महाधिवेशनसम्म आइपुग्दा आफूले अनेक प्रपञ्च भोगेको उल्लेख गर्दै उहाँले प्रजातन्त्रका मूल्य, मान्यता र आदर्श अँगालेर अथक प्रयत्न गरिरहँदा पनि पार्टी महाधिवेशनको मझधारमा आएर प्रतिस्पर्धाको मैदान छोड्नु पर्ने अवस्थामा पुगेको स्मरण गराउनुभएको छ। उहाँले एउटा इमान्दार र लोकतन्त्रवादी नेपालीको हैसियतमा पार्टी र राष्ट्रमा देखिएका विकृति र गलत प्रवृत्तिविरुद्ध भने लडिनैरहने प्रतिबद्धता पनि व्यक्त गर्नुभएको छ।

"लोकतन्त्रको आस्था मनभरि भरिएका कांग्रेसजन र विशेषगरी नयाँ शिक्षित पुस्ताले नेपाली कांग्रेसलाई राष्ट्रियता, प्रजातन्त्र र समाजवादको मूल आदर्शमा स्थापित गर्ने प्रयास अघि बढाउनेछन् भन्ने मेरो अपेक्षा भने मेटिएको छैन," उहाँले विज्ञप्तिमा भन्नुभएको छ, "राष्ट्रिय राजनीतिमा मेरो भूमिका रहिरहनेछ।

प्रतिस्पर्धाबाट म अलग रहे पनि आस्थावान् साथीहरूले आफ्नो विवेक प्रयोग गरेर लोकतान्त्रिक प्रतिस्पर्धाको आदर्श र मूल्यलाई जोगाउनु हुनेछ भन्ने शुभेक्षा व्यक्त गर्दछु।"




# मुख्यमन्त्री पोखरेलले केन्द्रीय सदस्यमा उम्मेदवारी दिए

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ मंसिर**



गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा उम्मेदवारी दिएका छन् । उनले गण्डकी प्रदेश खुलातर्फबाट उम्मेदवारी दर्ता गरेका हुन् ।

नेपालको लोकतान्त्रिक आन्दोलनमा रगत र पसिना बगाउने अग्रज पुस्ताको योगदानको कदरका लागि आफूले उम्मेदवारी दर्ता गराएको मुख्यमन्त्री पोखरेलले बताएका छन् । उनले भनेका छन्, 'युवा पुस्ता र पुराना पुस्ता बीचको अन्तरसंवाद कायम गरी अग्रज पुस्ताका अनुभव र सिकाईलाई नयाँ पुस्तामा हस्तान्तरण तथा पुस्तान्तरण गर्न मैले उम्मेदवारी दिएको हो । पार्टीमा मौलाउँदै गएको गुटबन्दीको अन्त्य गरी सिद्धान्तनिष्ठ कार्यकर्ता तयार गर्न, लोकतान्त्रिक आन्दोलनका सहिद परिवार, घाइते, अंगभंग भएका तथा विशिष्ट योगदानकर्ता पहिचान गरी उनीहरुलाई यथोचित सहयोग, संरक्षण तथा सम्मान गर्न आफूले पहल गर्ने उनले उल्लेख गरेका छन् । पार्टीलाई आगामी निर्वाचनमा बहुमत दिलाउन र हिमाल, पहाड तथा तराईका समग्र कार्यकर्तामा रक्तसञ्चार गर्न भरमग्दुर काम गर्ने प्रतिबद्धता उनले जनाएका छन् । पोखरेल कांग्रेसको तर्फबाट देशको पहिलो मुख्यमन्त्री हुन् । दलको नेतृत्वमा सरकार निर्माण गर्ने वातावरण बनाउन र संघीयता कार्यान्वनमा गर्न अहम् भूमिका खेलेका व्यक्ति भएकाले पोखरेललाई जिताउन प्रचारप्रसार समितिले जनाएको छ । समितिले जारी गरेको आह्वानपत्रमा भनिएको छ, 'महिला, आदिवासी जनजाति, दलित, मुस्लिम, पिछडावर्ग तथा सीमान्तकृत समुदायको मुल प्रवाहीकरण गर्न, गरिब तथा भूमिहीनका समस्या सम्बोधन गर्नका लागि मुख्यमन्त्री पोखरेललाई जिताउन अनुरोध गर्दछौं । स्वदेशमा रोजगारीको अवसर सिर्जना गरी रोजगारीको लागि युवाहरु विदेश पलायन हुनुपर्ने वाध्यतात्मक अवस्थाको अन्त्यका लागि वातावरण निर्माण गर्न, ज्येष्ठ नागरिक, बालबालिका, अपांगता भएका व्यक्ति, श्रमिक, गरिब तथा दीर्घरोगीको विवरण अद्यावधिक गरी जीवन निर्वाह भत्ता प्रदान गर्ने नीति निर्माण गर्न आफूले पहल गर्ने प्रतिबद्धता पोखरेलले जनाएका छन् । मुख्यमन्त्री पोखरेल १२ औं महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्य हुन् ।

शुक्रबार सुरु भएको कांग्रेसको महाधिवेशन अन्तर्गत शनिबार मनोनयन पत्र दर्ताको कार्यत्रक्रम थियो । आइतबार मनोनयन फिर्ता लगायत निर्वाचन कार्यक्रम तय भएको छ । २७ गते मतदान हुनेछ ।

# जनप्रिय क्याम्पसको ३० औं वार्षिकोत्सव

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ मंसिर**



विश्वविद्यालय अनुदान आयोगका सदस्य सचिव प्राध्यापक शंकरप्रसाद भण्डारीले उच्चशिक्षा दिने शैक्षिक संस्थाले आफ्नो गुणस्तर सुनिश्चितताका लागि प्राज्ञिक अनुसन्धानमा जोड दिन आग्रह गरेका छन् ।

जनप्रिय बहुमुखी क्याम्पसको ३० औं वार्षिकोत्सवका अवसरमा प्रमुख आमन्त्रित भण्डारीले देशभरिका १४ सय सामुदायिक क्याम्पस मध्ये जनप्रियको शैक्षिक गतिविधि अब्बल र उत्कृष्ट रहेकाले विद्यार्थीको बढ्दो आकषर्णलाई ध्यान दिई दक्ष जनशक्ति उत्पादनमा जोड दिन आग्रह गरे । व्यापारले मात्रै मुलुक सम्पन्न हुँदैन, आविष्कार चाहिन्छ त्यसका लागि अनुसन्धान आवश्यक रहेको हुँदा सिर्जनशीलता कायम राख्नु पर्ने बताए । क्याम्पस प्रमुख विरञ्जी गौतमले क्याम्पसको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै जेएमीले शैक्षिक गुणस्तर कायम राख्न अनुसन्धान र प्रकाशनमा जोडदिने प्रतिवद्धता सहित ५ वर्षे रणनीतिक योजना अनुरुप मानित विश्वविद्यालय बनाउन लागेको बताए । पुस्तकालयलाई आधुनिक र प्रविधिमैत्री बनाउँदै ४८ हजारभन्दा बढी विषयगत पुस्तक राखिएको क्याम्पसबाट उत्पादित ८ सय ८८ दक्ष जनशक्तिको ट्र्यासर स्टडी गरिएको छ । त्रिविबाट सम्बन्धन लिएर बिएएलएलबि, बिसिए, बिएस्सी फिजिक्स, बिएस्सी सिएसआइटीका कार्यक्रम चलाउन दरखास्त बुझाएको गौतमले उल्लेख गरे । विश्वविद्यालय अनुदान आयोगबाट गुणमापन तथा प्रत्ययानको प्रमाणपत्र प्राप्त क्याम्पसले स्वयत्त कार्यक्रम अन्तर्गत स्नातकतह पर्वतीय पर्यटन व्यवस्थापनरएमविएइनहस्पिटालिटी म्यानेजमेन्ट चलाइरहेको छ । यो मानित विश्वविद्यालयतर्फको पाइलो हो । क्याम्पस प्रमुख गौतमले गरिब तथा जेहन्दार, पिछडिएका क्षेत्रबाट आउने विद्यार्थीलाई १० प्रतिशत छात्रावृत्ति सुविधा छुट्याएको क्याम्पसले चालु आर्थिक वर्षका लागि २३ करोडको अनुमानित बजेट तर्जुमा गरेको जानकारी दिए । वार्षिकोत्सव कार्यक्रममा पूर्व अध्यक्ष तथा सल्लाहकार परशुराम बराल, दामोदर चालिसे, प्रकाशदेव पालिखे, ऋषि बुढाथोकी, देवीप्रसाद बस्ताकोटी, ध्रुवराज पौडेल, दिननाथ शर्मा, देवी पनेरु, किसन भण्डारी, विजय घिमिरे, गोविन्द महत, लगायतका वक्ताहरूले शुभकामना मन्तव्य राख्दै क्याम्पसलाई केन्द्रमा राखेर यसको मर्मअनुसार अगाडि बढ्न जोड दिएका थिए ।

जनप्रिय रिसर्च एण्ड कन्सल्टेन्सी सेन्टरद्वारा प्रकाशित 'जनप्रिय जर्नल अफ इन्टरडिसिप्लिनरी स्टडिज' को प्राध्यापक शंकरप्रसाद भण्डारी र प्रा.डा. विकासकुमार केसीले संयुक्त रूपमा लाकार्पण गरे । त्यस्तै 'जर्नल अफ टुरिजम एण्ड एड्भेन्चर' को चौंथो अंक प्रा.डा. रमेशराज कुँवरले सार्वजनिक गरेका थिए । अध्यक्ष तारा गिरीले आफू र धर्मपत्नी ज्ञानु गिरीको नामबाट स्थापना गरेको 'ज्ञानतारा अक्षय कोष' बाट उत्कृष्ट कार्यसम्पादन गरेका उपप्राध्यापक गंगाराम पौडेल र कर्मचारी राजेन्द्र श्रेष्ठलाई नगद, कदरपत्र र दोसल्ला आढाएर सम्पान गरेका थिए । संस्थापक क्याम्पस प्रमुख गणेशमान पालिखेको स्मृतिमा स्थापित पुरस्कारबाट प्रशासक महादेव पालिखेले सम्मानित भएका छन् । क्याम्पसमा विभिन्न संस्था तथा व्यक्तिद्वारा स्थापित अक्षयकोषबाट उत्कृष्ट शैक्षिक नजिता ल्याउने विद्यार्थीलाई छात्रावृत्तिको नगद रकम र प्रमाणपत्र हस्तान्तरण गरिएको थियो । त्यस्तै अतिरिक्त क्रियाकलाप अन्तर्गत भलिवल, ब्याडमिन्टन, रस्साकसी, बास्केटबल, टेवुलटेनिस, नृत्य, हाजिरीजवाफ, कविता, निबन्ध, वक्तृत्वकला, बुद्धिचाल प्रतियोगिताका बितेजालाई प्रमाणपत्र, शिल्ड, मेडल, नगद पुरस्कार प्रदान गरिएको थियो । प्रात र दिवा सत्रमा ५ हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्ने जनप्रिय क्याम्पसले देशभरिका सामुदायिक क्याम्पस मध्ये २०७२ र २०७३ मा शिक्षामन्त्रालयबाट उत्कृष्ट क्याम्पसको पुरस्कार पाइसकेको छ । विश्वविद्यालय अनुदान आयोगको छनौटमा परेको जेएमसीले दुई पटक गुणमापन तथा प्रत्यानको प्रमाणपत्र पाएर गुणस्तर सुनिश्चितताको कसीमा अब्बल ठानिएको छ ।

क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तारा गिरीको सभापतित्वमा भएको वार्षिकोत्सव समारोहमा उपाध्यक्ष बीरबहादुर अधिकारीले स्वागत मन्तव्य राखेका थिए भने सहायक क्याम्पस प्रमुख भेषराज बराल उपाध्यायले कार्यक्रम सञ्चालन गरेका थिए ।

# महिला उद्यमशिलतासंग जोडिनु पर्छ–उपसभामुख शर्मा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ मंसिर**




गण्डकी प्रदेशका उपसभामुख सिर्जना शर्माले महिलाहरु हक अधिकारको सुनिश्चितता सहित उत्पादनसंग जोडिनु पर्ने आवश्यकता औल्याउनु भएको छ ।

दिगो शान्ति महिला विकास बचत तथा ऋण सहकारी संस्था लिमिटेड पोखरा ३३ को प्रारम्भिक साधारण सभा तथा कार्यालयको उद्घाटन गर्दै उहाँले महिला आर्थिक रुपमा सक्षम नभएसम्म समृद्धि प्राप्त गर्न नसकिने बताउनुभयो ।

महिलाहरु संगठित भएर बचत गर्दै आयआर्जनतर्फ लाग्नु पर्नेमा जोड दिँदैं उहाँले सहकारीको माध्यमबाट महिला उद्यमशिलताको विकास हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा जेष्ठ शेयर सदस्य गौरिमाया त्रिपाठी, उत्कृष्ठ वचत कर्ता घनश्याम सुवेदी र असल कारोवारी देवी लामिछानेलाई सम्मानपत्रले सम्मान गरिएको थियो । पोखरा महानगर कार्यपालिका सदस्य राधिका शाही योगी र सहकारी अभियन्ता कमला गिरीले सहकारी ऐन, नियम, सिद्धान्तका आधारमा कार्य सम्पादन गर्नुपर्ने बताउनुभयो । पोखरा ३३ का वडाअध्यक्ष शिवप्रसाद आचार्यले महिलाको व्यक्ति विकाससंगै आर्थिक उपार्जनका लागि उत्पादनमा जोड दिनुपर्ने बताउनुभयो । संस्थाका अध्यक्ष रमादेवी आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा वडासदस्यव्दय शान्ति आचार्य र टिपक लामिछाने, संस्थाका सल्लाहकारहरु हरिप्रसाद पौडेल, धनराज राना ,ऋषिराज आचार्य र डिल्लीराम बराल लगायतले सहकारीको महत्व माथि चर्चा गर्दै सञ्चालकहरु लगानी र असुलीमा सचेत हुनु पर्ने आवश्यकता औल्याउनुभयो । पोखरा १७, २१ र ३३ तीनवटा वडाका ३३५ महिला शेयर सदस्य रहेको सो सहकारीको प्रारम्भमा ९७ लाख ५८ हजार ६००, ५२ लाख लगानी रहेको कोषाध्यक्ष तिर्थमाया लामिछानेले जानकारी दिनुभयो । उपाध्यक्ष देवीमाया आचार्यले स्वागत गर्नुभएको कार्यक्रम सचिव देवीकुमारी गुरुङले सञ्चालन गर्नुभएको थियो ।

# माओवादी...

श्रोत साधन प्रयोग गर्न नदिने गरी रणनीतीक योजनाका साथ तयारी रहन नेता तथा कार्याकर्तालाई उनले निर्देशन दिए । अबको निर्वाचनमा सिंहको शैलिमा आक्रमक ढंगबाट अघि बढ्नुको विकल्प नभएको प्रचण्डको भनाई थियो ।

माओबादी पार्टीलाई कसैले हराउन नसक्ने दाबी गर्दै अध्यक्ष प्रचण्डले उत्पिडनमा परेका र सर्वहरा बर्गको पक्षमा माओबादीले ओकालत गर्दै आएको दाबी गरे । एमाले, कागेंसको अधिवेसन विचार र बहस विहिनको अधिवेन भएको टिप्पर्ढी गर्दै प्रचण्डले प्राप्त छलफल र बहस गरी समाजबाद अर्थतन्त्र तर्फ देशलाई लैजाने गरी माओबादीले मात्र छलफल गरेको जनाए । पुषमा हुने राष्ट्रिय महाधिवेसनमा समाजबादी क्रान्तिको नयाँ मोडल खोजि गरीने उनको भनाई छ ।

# पृथ्वीधर सिग्देल समाजमा प्रेमकुमारी सम्मान

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ मंसिर**




पोखरा महानगरपालिका वडा नं १३ सिग्देल ग्राम स्थित पृथ्वीधर सिग्देल समाजको पाँचौ साधारण सभा शनिवार सम्पन्न भयो ।

पृथ्वीधर सिग्देल समाजका जेष्ठ सदस्य वोधराज सिग्देलले सभाको उद्घाटन गरेका थिए । प्रमुख अतिथि बोधराजले कात्यायनी दुर्गा मन्दिरमा दैनिक पूजा संकलन गर्न आवश्यक सामाग्री व्यवस्थापन गर्ने उद्देश्यले सहयोगी दाता एवं समाजकी सदस्य प्रेमकुमारी सिग्देललाई सम्मान गरियो । । धार्मिक व्यत्तित्व प्रेमकुमारी सिग्देल र परिवारको तर्फवाट एक लाख एक हजार एक सय एघार समाजलाई सहयोग गरेका थिए । सभामा समाजका सचिव अर्जुन सिग्देल र कोषाध्यक्ष केदारराज सिग्देलले प्रस्तुत गरेको प्रतिवेदन पारित भएको छ ।

पृथ्वीधर सिग्देल समाजका अध्यक्ष गोविन्दप्रसाद सिग्देलको अध्यक्षतामा भएको कार्यक्रममा समाजका निवर्तमान अध्यक्ष कृष्णप्रसाद सिग्देल, सिप विकास समितिका पूर्व अध्यक्षहरु क्रमश माधवप्रसाद सिग्देल, शरदकान्त सिग्देल, प्रकाश सिग्देल, समाजकी पूजा उपसमितिका संयोजक सरस्वती सिग्देल, नाटा गण्डकी प्रद्रेशका अध्यक्ष संजयकान्त सिग्देल, सम्मानीतको तर्फवाट सम्मानितका छोरा हरिश्चन्द्र सिग्देल, सदस्यकको तर्फवाट शान्ति सिग्देल, पण्डीत मनिष कोइराला र पत्रकार शोभाकान्त सिग्देलले लगायत वोलेको कार्यक्रममा सदस्य इन्दिरा सिग्देलले स्वागत र सचिव अर्जुन सिग्देलले संचालन गरेका थिए ।

# संविधान संसोधन गर्न वैकल्पिक शक्ति जुटौं : पूर्वप्रम भट्टराई

**पोखरापत्र संवाददाता**
**बागलुङ,२५ मंसिर**

जनता समाजवादीका नेता तथा पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराईले संविधानमा केही कमजोरी भएकाले संशोधन गर्न आवश्यक रहेको बताउनुभयो ।

जनता समाजवादी नेपालले आज बागलुङ बजारमा आयोजना गरेको प्रथम मगरात राष्ट्रिय भेलालाई सम्बोधन गर्दै नेता भट्टराईले संविधान नबन्ने अवस्था भएपछि केही त्रूटीपूर्ण संविधान जारी गरे पनि अहिले संशोधन आवश्यक रहेको बताउनुभयो । उहाँले संविधान संशोधनका लागि वैकल्पिक शक्ति एकजुट हुन आवश्यक रहेको बताउनुभयो । "पूर्ण समानुपातिक संसद्, प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पहिचानसहितको प्रदेश सरकार निर्माण हाम्रो माग हो", नेता भट्टराईले भन्नुभयो, "अहिले निर्माण भएका प्रदेशमा पहिचान मास्ने काम भएको छ, गण्डकी प्रदेशलाई मगरात प्रदेशजस्तै अन्य प्रदेशको पहिचानसहितको प्रदेश निर्माण गरौं, अहिले प्रदेशमा पहिचानअनुसार छेउटुप्पो नमिलाइकन प्रदेश निर्माण भएको छ, त्यसमा हाम्रो पार्टीको विरोध छ । नेता भट्टराईले संविधान संशोधनको विकल्प नभएको भन्दै यसका लागि हामीलाई एकपटक विश्वास गर्न आम जनतालाई आग्रह गर्नुभयो । संविधानलाई संशोधन गरी पहिचानसहितको बनाउन वैकल्पिक राजनीतिक शक्ति एक ढिक्का भएर अगाडि बढ्न आवश्यक रहेको उहाँको तर्क थियो ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरुमा देखिने**: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१– ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।



## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

**सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

**सुक्तिसुधा**

मस्कान सर्वमान्य स्वागत हो ।
– म्याक्स इस्टम्यान

## सम्पादकीय

# कांग्रेसका गुटहरु छिन्नभिन्न

नेपाली काङ्ग्रेसको चौधौं अधिवेशनमा आइपुग्दा पदीय भागबन्डा नमिल्दा गुटहरु भत्किएका छन । काङ्ग्रेस सभापति शेर बहादुर देउवाले नेतृत्व गरेको संस्थापन र बरिस्ठ नेता रामचन्द्र पौडेलले नेतृत्व गरेको संस्थापन इतर गुट तितरबितर भएको छ । काङ्ग्रेसमा विचार समुहको नाममा बन्दै आएको गुट विचारमा नभएर पदका लागि रहेको उमेदवार बनेर देखाएका छन । विचार समुहका नेतासंग विद्रोह गरेर जस्ले पद दिन्छ उसैको गुटमा लागेर विचारलाई गौण बनाएका छन । लामो समयदेखि देउवालाई सघाउँदै आएका नेता विमलेन्द्र निधीले विद्रोह गर्दै आफू सभापतिको उम्मेदवार बन्ने घोषणा गरेका थिए । हाल उपसभापति रहेका निधीले सभापति पदका लागि उम्मेदवारी दर्ता गरिसकेका छन् । उपसभापति र नीति प्रतिष्ठानको प्रमुख बनेका निधिले देउवा समूहका कुनै पनि चर्चित नेतालाई आफूतिर तान्न सकेनन् । उनले निर्वाचनका लागि आफ्नो टिम पनि बनाएका छैनन् । सबैभन्दा धेरैलाई आफु प्रमुख भएको प्रतिष्ठानमा मनोनीत गरेका निधिले देउवासंग विद्रोह गर्नुको आधार देखाउन सकेनन् ।

सभापतिमा आफ्नो दावेदारी कमजोर बनेको बुझ्रेर उनले अन्तिम क्षणमा रामचन्द्र पौडेलको नाममा सर्वसम्मति गर्न प्रस्ताव गरेका थिए । तर, उनको प्रस्ताव देउवाले स्वीकार्ने सम्भावना थिएन। रामचन्द्र आफ्नै गुटमा समेत सर्वसम्मत बन्न सकेनन् र अन्ततः सभापतिको दौडबाटै बाहिरिए । पार्टीका प्रभावशाली युवा नेता विश्वप्रकाश शर्माले पनि अन्तिम समयमा देउवाको साथ छोडेका छन् । देउवाको टिमबाट महामन्त्रीको उम्मेदवार बन्न असफल भएपछि उनी बाध्य भएर सो समूहबाट अलग भएका हुन् । संस्थापन इतरका शेखर कोइरालाले पनि उनलाई तान्न नखोजेपछि शर्मा अन्ततः प्रकाशमान सिंहको प्यानलबाट महामन्त्रीको उम्मेदवार बनेका छन् । काङ्ग्रेसले मात्र होइन बाहिरकाले पनि आश गरेका युवानेताको अस्थिरता प्रकट भएको छ ।

मधेशमा पकड भएका निधि र युवा पुस्तामा प्रभाव बनाएका शर्मालाई गुमाउँदा देउवालाई केही न केही धक्का अवश्य पुग्ने छ । तर, पछिल्लो समिकरणमा देउवालाई केही लाभ पनि भएको छ । अघिल्लो महाधिवेशनमा सभापति पदका उम्मेदवार बनेका कृष्ण सिटौलाले देउवालाई समर्थन गरेका छन् । आफ्नो समूहका युवा नेता प्रदीप पौडेललाई महामन्त्रीमा उभ्याउने शर्तमा उनले देउवालाई समर्थन जनाएका हुन् । सिटौलाको समर्थन देउवाका लागि ठूलो प्लस प्वाइन्ट हुन सक्न ठानिएको छ। पछिल्लो फेरबदलमा युवा नेता प्रदीप पौडेललाई फलिफाप भएको छ । अघिल्लो महाधिवेशनमा रामचन्द्र पौडेलको प्यानलबाट केन्द्रीय सदस्य जितेका पौडेलले महाधिवेशनपछि गुट परिवर्तन गर्दै सिटौलातिर लागेका थिए । तत्कालिन महाधिवेशनका सिटौला समूहमा रहेका महामन्त्रीका दावेदार गगन थापालाई हुत्याउँदै पौडेल सिटौलाकै सिफारिसमा देउवाको बलियो प्यानलमा समेटिएका छन । संस्थापनइतर समूहले अन्तिम समयसम्म निकै कसरत गर्दा पनि सर्वसम्मत सभापति उभ्याउन सकेन । अन्ततः यो समूह नै तितरवितर भएको छ । सो समूहबाट शेखर कोइराला र प्रकाशमान सिंह सभापतिका उम्मेदवार बनेका छन् । शेखर कोइरालाले पदाधिकारीमा पूरा प्यानलसहित उम्मेदवारी दिएका हुन् । कागजमा हेर्दा शेखरको प्यानल प्रभावकारी देखिएको छ । यसअघि कृष्ण सिटौलाको समूहमा रहेका युवा नेता गगन थापा शेखरको प्यानलमा आएका छन् । उनी महामन्त्रीका उम्मेदवार हुन् । उनीसहित अर्का चर्चित नेता डा. मिनेन्द्र रिजाल पनि कोइराला प्यानलबाट महामन्त्रीका उम्मेदवार बनेका छन् । डा. रिजाल अघिल्लो १३ औं महाधिवेशनबाट गुट परिवर्तन गर्दै देउवालाई छाडेर रामचन्द्रको समूहमा लागेका थिए ।

यसअघि रामचन्द्र पौडेल समूहमा रहेका नेताहरु धनराज गुरुङ र चन्द्र भण्डारी कोइरालाको प्यानलबाट उपसभापति पदका उम्मेदवार बनेका छन् । उनीहरूले पछिल्लो समयमा पार्टीलाई विधिसम्मत तरिकाले चलाउनुपर्ने आवाज उठाउँदै आएका छन । यता कोइराला परिवारकै सदस्य सुजाता कोइराला भने शेखरको प्यानलमा अटाइनन् । उनले प्रकाशमानको प्यानलबाट उपसभापतिमा उम्मेदवारी दिएकी छन् । अर्का कोइराला सदस्य वीपी पुत्र शशांक कोइराला अन्तिम समयमा सभापतिको रेसबाट बाहिरिए । उनले शेखरलाई समर्थन गरेका छन् । रामचन्द्र र शशांकको समर्थनप्राप्त शेखरले सभापतिलाई देउवालाई कडा टक्कर दिन सक्ने अनुमान गरिएको छ । यसपटक संस्थापन इतर समूहका हस्ति मानिने महेश आचार्य पनि गुटबाट तितरवितर भएका छन् । उपसभापति दावी गरेका उनी प्यानलमा नपरेपछि स्वतन्त्र उम्मेदवारी दिएका छन । विचार समूहको नाममा गुटमा लाग्नेहरु विचारमा शुन्य पदका लागि मात्रै लागेका रहेछन् भन्ने स्पष्ट भएको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : शारीरिक झमेला |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : झमेला बढ्ने | धनु | : सहयोग मिल्नेछ |
| ककर्ट | : सम्मान मिल्नेछ | मकर | : ब्यापारमा लाभ |
| सिंह | : मन चञ्चल | कुम्भ | : अप्रत्यसित लाभ |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# वैदेशिक रोजगार टिम लाहाचोकद्वारा सामाजिक अभियान्ता सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर

वैदेशिक रोजगार टिम लाहाचोकले सामाजिक क्षेत्रमा क्रियाशील विशिष्ट व्यक्तित्वलाई सम्मान गरेको छ ।

वैदेशिक रोजगारमा रहेका लाहाचोकवासी दाजुभाइको पहलमा माछापुच्छ्रे गाउँपालिका साथै लाहाचोकको विकासमा उल्लेख्य योगदान पुऱ्याएका २५ सामाजिक अभियन्तालाई सामुहिक सम्मान गरिएको हो ।

यसरी सम्मानित हुनेमा रामबहादुर घर्ती क्षत्री, कृतिमान सुनार, नारायण रानाभाट, केदार पौडेल, गुणराज अधिकारी, राम जिसी, भुवन पोखेल, गंगाबहादुर शाही, रेशम नेपाली, रामचन्द्र शाही, सुशील श्रेष्ठ, राजु शाही, माया गुरुङ, प्रदीप क्षत्री, डिलबहादुर नेपाली, बासुदेव अधिकारी, हर्कबहादुर परियार, नवीन अधिकारी, गमबहादुर सुनार, बलराम अधिकारी, रविलाल रानाभाट, बलराम रानाभाट, बालकृष्ण अधिकारी, भूपेन्द्र कुँवर रहेका थिए । कार्यक्रमका गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्ची, माछापुच्छ्रे गाउँपालिका प्रमुख कर्ण गुरुङ, वडा नं. ३ का वडाध्यक्ष सूर्यप्रसाद लम्साल, वडा ४ का वडाध्यक्ष पूर्णबहादुर शाही, नेकपा एमाले वडाध्यक्ष शेरबहादुर श्रेष्ठ, नेपाली काँग्रेस सभापति रामचन्द्र अधिकारी, जनप्रतिनिधि, विभिन्न पार्टी प्रतिनिधिले सम्मानपत्र, सल, मालासहित अविराङ्कन गर्दै जनही दुई हजार पाँच सय नगद राशीका साथ सम्मान अर्पण गरिएको थियो । कार्यक्रमका प्रमुख अतिथि गण्डकी प्रज्ञा प्रतिष्ठानका कुलपति सूर्य खड्का बिखर्चीले कोही पनि रहरले विदेशमा नजाने र विदेशीमा विवशताको जीवन बिताउँदै आफ्नो गास काटेर यसरी गाउँको विकास र समृद्धिमा तल्लिन रहने असल प्रतिभामाथि राज्यको नजर जान आवश्यक रहेको धारणा राखे । माछापुच्छ्रे गाउँपालिका प्रमुख कर्ण गुरुङले राज्यको र पारिवारिक आर्थिक समृद्धिमा वैदेशिक रोजगारको महत्वपूर्ण भूमिका रहेको बताउँदै माछापुच्छ्रे गाउँपालिकामा वैदेशिक रोजगारमा रहेका युवाहरुको योगदानको जति चर्चा गरे पनि कम हुने बताए । स्वतन्त्र पत्रकार संघ कास्की अध्यक्ष असफल गौतमले राज्यले गर्नुपर्ने कार्य जनस्तरबाट हुनु गौरवको कुरा भएको उल्लेख गरे ।

माछापुच्छ्रे गाउँपालिका वडा ४ का वडाध्यक्ष पूर्णबहादुर शाहीले वैदेशिक रोजगार टिमबाट हरेक कुरामा स्थानीय सरकारलाई साथ र सहयोग भइरहेको स्मरण गर्दै सम्मान कार्यक्रमलाई आफूले प्रतिनिधि कार्यक्रमका रुपमा लिएको बताए । माछापुच्छ्रे गाउँपालिका वडा ३ का वडाध्यक्ष सूर्यप्रसाद लम्सालले समाजको उन्नति र प्रगतिका लागि सम्पूर्ण जीवन अर्पण गरेका प्रतिभाको सम्मानले सिंगो गाउँपालिका सम्मानित भएको धारणा राखे । कतार सेवा समाजका गुणराज अधिकारीले लाहाचोकको विकासमा वैदेशिक रोजगारमा रहेका युवापुस्ताको योगदानको जति गुणगान गाए पनि कम हुने बताए ।

सम्मानित प्रतिभामध्ये पुरुषतर्फ रामबहादुर घर्ती क्षत्रीले गास, बास कपासको बन्दोबस्तीका लागि विदेशमा रहेर पनि मन, वचन कर्मले यसरी काम गरेको देखेर स्थानीय जनप्रतिनिधिले आफ्नो जिम्मेबारीबोध गर्नुपर्नेमा जोड दिए । सम्मानित प्रतिभामध्ये महिलातर्फ माया गुरुङले आफूले पढाएका विद्यार्थी र आफूसँगै सम्मानित भएको देख्न पाउँदा गौरव लागेको बताइन् ।

समारोहमा, समारोहबीच कुलपति सूर्य खड्का बिखर्ची, गाउँपालिका प्रमुख कर्ण गुरुङ र स्वतन्त्र पत्रकार संघ कास्कीका अध्यक्ष असफल गौतमलाई विशेष सम्मान गरिएको थियो । यस्तै कार्यक्रम सफल पार्न सहयोग गर्ने सहयोगीदाता अर्जुनबहादुर शाही, चन्द्रबहादुर नेपाली, कृष्णप्रसाद बास्तोला, होमबहादुर नेपाली, प्रेम जिसी, चन्द्रमोहन पौडेल, केशवराज अधिकारी टेकनारायण श्रेष्ठ, भीष्म रानाभाट, देव स्याङ्बो तामाङ, कुमार गुरुङ, देव दवाडी, मधुसुदन अधिकारी, तोया अधिकारी, लोक रानाभाट, स्टीभन घले, हिमाल शाही, श्रीकान्त पौडेल, रेडियो हेमजा, युवा नौमती पञ्चे बाजासमूह, विवेक परियार, सन्तोष गुरुङ, राजु परियारलगायतलाई प्रशंसापत्र प्रदान गरिएको थियो ।

सोही समारोहबीच लाहाचोक ४ निवासी मृगौला पीडित उमा अधिकारीलाई टिम र स्थानीय संयोजक प्रेम ढकालबाट संयुक्त रुपमा ९० हजार ६ सय ८५ रुपैयाँ सहयोग हस्तान्तरण गरिएको थियो । हालसम्म वैदेशिक रोजगारमा रहेका विभिन्न लाहाचोकवासीको पहलमा सबै गरेर तीन लाख बढी आर्थिक सहयोग प्रदान गरिएको ढकालले जानकारी गराएका थिए । मलेसियाबाट राजु क्षत्री अपुरोको परिकल्पना स्थानीय व्यवस्थापन लवी क्षत्री र प्रविधि संयोजन शुसील श्रेष्ठको रहेको उक्त कार्यक्रमलाई विभिन्न माध्यमबाट लाइभ प्रशारणसमेत गरिएको थियो ।पुष्पराज अधिकारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मन्तव्य राजेन्द्र गौतमको रहेको थियो भने सञ्चालन श्रीकान्त अधिकारीले गरेका थिए ।

# १०५ प्वाइन्ट रगत संकलन सहित ३०५ को रक्त परीक्षण

पोखरापत्र संवाददाता
पोखरा, २५ मंसिर

सराङ्कोट बहुउद्देश्यीय सहकारीको १५ औ बार्षिक उत्सवको अवसरमा रक्तदान तथा रगत परिक्षण सम्पन्न भएको छ ।

कार्यक्रममा १०५ प्वाइन्ट रगत सङ्क्लन सहित ३५० जनाले रक्तपरिक्षण गरेका थिए ।

स्टार डाइग्नोष्टीक सेन्टरको प्राविधिक सहयोगमा रगतपरिक्षणबाट हुने सम्पुर्ण रोगहरुको परिक्षण गरिएको थियो। संस्था स्थापना देखि रेडियो सराङ्कोटको प्रशारण सहित आर्थिककारोवा,सामाजिक कार्यहरु गर्दै आएको छ। संस्थाले यसबर्ष शिक्षा र स्वास्थय संग सहकारी भन्ने उद्देश्य सहित पोखराका ६ वटा विधालयका ४२ जना बिधार्थीलाइपोषाक वितरण गरीएको थियो ।

रक्तदनल कार्यक्रमको शुभारम्भ कोषाध्यक्ष राममणि पौडेल, संचालक बुद्ध गुभाजु र महिला सदस्य सान्तवना पराजुली लाईब्लडब्याक हस्तानतरण गरी कार्यक्रमको शुरु गरीएको थियो ।

कार्यक्रममा जिल्ला सहकारी संघका अध्यक्ष सावित्रा कोइरालालेसहकारी मार्फत हुने हरेक कार्यक्रमहरुले समाजमा महत्वपूर्णभुमिका खेलेको बताइन । स्वतन्त्रपत्रकार महासंघका केन्द्रीय संस्थापक अध्यक्ष कृष्णप्रसाद वास्तोलाले आम संचार को भुमिकामा रेडियो सराङ्कोटकोयोगदान सम्मान योग्य रहेको बताए ।



संस्थाका अध्यक्ष कृष्ण बहादुर थापा को सभापत्तित्वमा भएकोकार्यक्रममा पुर्व अध्यक्ष प्रेम बहादुर जि.सी डा लक्ष्मण बास्तोला, संस्थाका सलाहकार डा. इन्द्र मान मर्हजन, इन्द्र कमल मानन्धर, मेडिप्लस हस्पीटलका अध्यक्ष रमेश कुमार थापा, जाल्पादेबीमहिला उद्वार समुहका अध्यक्ष राधिका थापा, सुविधा बचत तथाऋण सहकारी का सचिव राजु पौडेल,पत्रकार महासंघका पूर्वकेन्दीय सदस्य रामकृष्ण ज्ञवाली, सृजना विकास केन्द्रकाअध्यक्ष इन्द्र पौडेल, क्षत्रीय रक्त संचार केन्द्रका प्रमुख अर्जुनज्ञवाली, रेडियो सराङ्कोट का निर्देशक शिव बहादुर थापासंघममार्ग टोल संस्थाका पूर्व अध्यक्ष चिन्तामणि बास्तोला, संथाका उपाध्यक्ष बसन्त बहादुर बानिया, सचिव कुल प्रशादसुवेदी, कार्यक्रम संयोजक माया कुमारी शर्मा ,ब्यस्थापक सुरेन्दथापा, रेडियो का ब्यस्थापक योगेन्द्र श्रेष्ठ, आकस्मीक रक्तदातासमुहका ब्यवस्थापक नेत्र ढकाल, लगायतले आफ्नो भनाईराखेका थिए । कार्यक्रममा संस्थाका शेयर सदस्य, परिवार र कर्मचारी कोस्वास्थय सेवा छुटका लागी मेडीप्लस हस्पीटल एण्ड ट्रमा सेन्टर रस्टार डाइग्नोष्टीक सेन्टर संग सम्झौता आदान प्रदान गरीएको थियो । सम्झौता अनुसार दुबै स्वास्थ्य संस्थाबाट दिईने सेवामा ५० प्रतिशत सम्म छुट दिने उल्लेखरहेको छ ।

संस्थाबाट १० वटा अन्य ब्यवसायीक संस्थाहरुसग पनि छुट सम्झौता गरेको छ । सो छुट कार्ड जेष्ठ संचालक सदस्य आरती श्रेष्ठ, दामोदर शर्मा र समचार प्रमुख कमल पौडेल अथक लाई वितरण गरी कार्डको शुभारम्भ गरीएको थियो ।

# पाल्पाली बहुउद्देश्यीय सहकारीको तेस्रो साधारणसभा

पोखरापत्र संवाददाता
पोखरा,२५ मंसिर

पाल्पाली बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको शनिबार तेस्रो वार्षिक साधारण सभा भएको छ ।

पोखरा महानगरपालिका सहकारी विभागका दर्ता अधिकृत अनिल कार्कीले सभाको उद्घाटन गर्दै सहकारीका सिद्धान्तमध्ये स्वायत्तता र स्वतन्त्रता बढी महत्वपूर्ण रहेको चर्चा गरे । उनले महानगरमा दर्ता भएका सहकारीले ५ लाखसम्मको उत्पादनमूलक कार्यक्रमका लागि ५० प्रतिशत अनुदान दिन थालेको जानकारी दिए । उनले त्यस्तो अनुदान लिन सबै सहकारीलाई आग्रह गरे । उनले पाल्पाली सहकारीले सन्तोषजनक काम गरेको भन्दै प्रशंसा गरे ।

कार्यक्रममा सञ्चालक समितिको तर्फबाट अध्यक्ष चिरञ्जीवी श्रेष्ठले प्रस्तुत गरेको प्रगति प्रतिवेदन, सचिव रेशमराज थापाले पेश गरेको प्रतिवेदन, कोषाध्यक्ष उमा सापकोटाले प्रस्तुत गरेको आर्थिक प्रतिवेदन र लेखा सुपरीपेक्षण समिति संयोजक नारायणप्रसाद पौडेलले पेश गरेको लेखा समितिको प्रतिवेदन सभाले सुधारसहित पारित गरेको छ । सहकारी अध्यक्ष चिरञ्जीवी श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिका सहकारी विभागका अधिकृत अर्जुन नेउपाने, सहकारीका निवर्तमान अध्यक्ष एवं पाल्पा हाउसका अध्यक्ष कुलप्रसाद घिमिरे, सञ्चालक समिति उपाध्यक्ष बाबुराम खनाल, सचिव रेशमराज थापा, सल्लाहकार समितिका संयोजक तथा पाल्पाली समाजका संस्थापक सचिव लोकनाथ काफ्ले, पाल्पाली समाज पोखराका पूर्व अध्यक्ष एवं सल्लाहकार जगदीश गौतम, सल्लाहकार जनपुकार मुनकमी, शिक्षा समितिका संयोजक बालचन्द्र परियार, कलम बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष अर्जुन पोखरेल लगायतले बोलेका थिए। कार्यक्रममा सेयर सदस्यका एसइई उत्तीर्ण छोराछोरीलाई प्रोत्साहनस्वरुप सम्मान गरिएको थियो । २०७६ असार १३ गते पोखरा महानगरपालिकाको सहकारी विभागका विधिवत दर्ता भएको सहकारीले पोखरा वडा १ देखि १७ सम्म कार्यक्षेत्र विस्तार गरेको छ। सहकारीको कार्यालय पोखरा वडा ९, नयाँबजारमा छ ।

# व्यास नगरपालिकाद्वारा कम विद्यार्थी भएका विद्यालय 'मर्ज' गरिने

पोखरापत्र संवाददाता
तनहुँ,२५ मंसिर

व्यास नगरपालिकाले कम विद्यार्थी भएका विद्यालयलाई मर्ज (एक आपसमा गाभिने) गर्ने निर्णय गरेको छ । नगरपालिकाका नगरप्रमुख वैकुण्ठ न्यौपानेको अध्यक्षतामा बसेको बैठकले उक्त निर्णय गरेको हो ।

नगरपालिकाभित्रका विद्यालयमा दरबन्दी कटौती गर्दै जाँदा विद्यालयमा कार्यरत शिक्षकको दरबन्दी मिलान गर्नुपर्ने भएकाले विद्यार्थी कम भएका विद्यालय गाभिने तयारी गरेको हो । साथै बालविकासमा न्यूनतम पाँच र अन्य तहगत आधारमा न्यूनतम १० भन्दा कम विद्यार्थी भएका विद्यालयलाई बालबालिकाको शिक्षा आर्जन गर्ने प्रत्याभूति गरी विद्यालय गाभिने निर्णय गरेको छ।

उक्त कार्यका लागि नगरप्रमुख, उपप्रमुख र नगर शिक्षा अधिकारीलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरेको नगरपालिकाका सूचना प्रविधि अधिकृत विशाल पण्डितले बताउनुभयो । नगरपालिका कार्यालयले दुई वटा कार्यविधि र एक एक वटा निर्देशिका पारित गरेको छ ।प्राथमिक विद्यालयका शिक्षक दरबन्दी मिलानसम्बन्धी स्वेच्छिक अवकाश प्रोत्साहन वितरण कार्यविधि २०७८, अनुदान कोटामा शिक्षक नियुक्तिसम्बन्धी कार्यविधि २०७८ र स्थानीय कृषि बजार व्यवस्थापन निर्देशिका २०७८ पारित गर्ने निर्णय गरेको हो । साथै स्वेच्छिक अवकासका लागि २०७८ पुस मसान्तसम्म म्याद थप गर्नेसमेत निर्णय गरेको नगरपालिकाका सूचना प्रविधि अधिकृत पण्डितले जानकारी दिनुभयो ।

यस नगरपालिकाभित्र बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्नका लागि आवश्यक कार्य अघि बढाउन नगर शिक्षा अधिकारी नगेन्द्रप्रसाद रेग्मीलाई जिम्मा दिने निर्णय गरेको छ । नगरपालिकाअन्तर्गतका कर्मचारीको तलब र अन्य सुविधा सफ्टवेयरमार्फत गर्न गराउन लेखा शाखालाई जिम्मा दिने निर्णय गरेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७८/०७/३० मा जारी 'करार सेवामा कार्यरत कर्मचारीको कार्य सम्पादनस्तर मूल्याङ्कन तथा नयाँ अवधिको लागि करार सम्झौतासम्बन्धी मापदण्ड, २०७८' जारी गरिसकिएको छ । नगरपालिकामा कार्यरत करार कर्मचारीको मूल्याङ्कन गर्न पुनरावलोकन कर्तामा प्रमुख प्रशासकीय अधिकृत डिल्लीराम सिग्देल, समिति सदस्यमा वरिष्ठ इन्जिनियर राजु पौडेल, सुपरिवेक्षकमा वरिष्ठ अधिकृत रामचन्द्र हड्खलेलाई तोक्ने निर्णय गरेको छ। व्यास नपाभित्रका विद्यालयमा वार्षिक उत्सव गर्ने नाउँमा धेरै दिन विद्यालयमा पठन पाठन अवरुद्ध हुने गरिएको पाइएको सो बैठकबाट ध्यानाकर्षण भएको जनाइएको छ । हरेक विद्यालयले कोरोना महामारीको अवस्थालाई समेत मध्यनजर गरी तयारी एवं वार्षिक उत्सवलाई तीन दिन र वार्षिक उत्सव कार्यक्रम तीन घण्टाभित्र सामान्य तवरले सम्पन्न गर्नु गराउनुहुन शिक्षा शाखामार्फत विद्यालयलाई निर्देशन दिने निर्णय गरेको छ।

विभिन्न वडाबाट लागत सहभागिताका योजनाको माग भइरहेकाले सहरी वडामा न्यूनतम ३० प्रतिशत र ग्रामीण वडामा न्यूनतम २० प्रतिशत लागत सहभागिता रहने गरी रु २० लाखका पाँच र १० लाखका १० योजना रहेका छन् । उक्त योजनाको लागत स्टिमेट र सम्बन्धित वडाको सिफारिसका आधारमा पुस १० गतेभित्र टोल विकास संस्थामार्फत प्रस्ताव माग गर्ने गरी पूर्वाधार विकास तथा योजना विकास शाखालाई जिम्मा दिने निर्णय गरेको छ । कार्यालयको काममा बाधा नपर्ने गरी जनप्रतिनिधि र कर्मचारी भ्रमण प्रस्तावलाई व्यवस्थापन गर्न नगर उपप्रमुख मीरा जोशीको संयोजकत्वमा सात सदस्यीय समिति गठन गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत सिग्देलले जानकारी दिनुभयो ।

तनहुँ उद्योग वाणिज्य सङ्घले महोत्सवका लागि स्थान उपलब्ध गराउन माग गरेकामा माथिल्लो भतेरी उपलब्ध गराउने र जगा व्यवस्थापन र यातायात मार्ग व्यवस्थापन गर्न नगरपालिकाले सहयोग गर्ने निर्णय गरेको नगरपालिकाले जनाएको छ ।

# माओत्से गुरुङ अभिनित म्युजिक भिडियो 'दोधारे' सार्वजनिक

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ मंसिर**



कलाकार माओत्से गुरुङ अभिनित म्युजिक भिडियो ' दोधारे' सार्वजनिक भएको छ । शनिबार पोखरामा एक कार्यक्रमका बीच म्युजिक भिडियो सार्वजनिक भएको हो । म्युजिक भिडियोमा गुरुङ एक होमस्टे व्यवसायीका रुपमा प्रस्तुत भएका छन् । उनले घुम्न आउने पर्यटकलाई गाउँ समेत घुमाइरहेको दृश्य म्युजिक भिडियोमा देख्न पाइन्छ ।

'दोधारे' माया प्रेम गास्नेहरुको कथा हो । त्यस्ता प्रेमी जो आफ्नो प्रेम एक अर्कालाई अभिव्यक्त गर्न डराउँछन् । पछि विभिन्न सामाजिक समस्याका कारण छुटिनुपर्ने बाध्यता आइपर्छ । सोहि कथावस्तुमा म्युजिक भिडियोलाई छायाँकन गरिएको छ । गीतको शब्द लयले मन छोएपछि र म्युजिक भिडियोको कथा मन परेपछि आफु अभिनयका लागि तयार भएको माओत्से गुरुङले बताए ।

उनले आफ्नो अभिनयको सुरुवाती चरणका मित्र ओम प्रकाश गुरुङले निर्देशन गरेको म्युजिक भिडियो भएकाले पनि अभिनय गर्न तयार भएको उल्लेख गरे । माओत्सेको अभिनय यात्रामा ओमप्रकाशको भूमिका महत्वपूर्ण छ । ओम प्रकाश गुरुङ ब्रोसिस ब्याण्डमा समेत आबद्ध थिए । किर्बोडिस हुँदै निर्देशनमा समेत हाम फालेका गुरुङले करिब २० वर्ष पछि म्युजिक भिडियो निर्देशन गरे । अब निरन्तर संगीतमा नै लाग्ने प्रतिबद्धता लामाको छ । गीतका गायक तथा संगीतकार निरोज लामा काठमाडौं बस्छन् । तर पोखरेली टोलीसँग सांगीतिक काम गर्न पाउँदा उनी खुशी छन् । रामहरि खड्काले नै शब्द कोरेको गीतलाई उनले लय भरे । संगीत संयोजन समेत लामा कै हो । लोक फ्युजन शैलीमा गीतलाई लय भरिएको लामा बताउँछन् ।

म्युजिक भिडियोका मुख्य पात्र रामहरि खड्काले आफु काठमाडौंमा बस्दै आएता पनि म्युजिक भिडियो निर्देशन देखि छायाँकनको सबै काम पोखरामा गरिएको उल्लेख गरे । उनले भने, 'पोखरासँग मेरो भावनात्मक सम्बन्ध छ । धेरै साथीहरु म चिन्छु । सांगीतिक क्षेत्रमा लागेका सबैसँग काम समेत गरिएको छ । त्यसैले म्युजिक भिडियो छायाँकनका लागि पोखरा रोजे ।' मोडल असिमा बस्नेतले आफ्नो लागि ' दोधारे' पहिलो म्युजिक भिडियो भएको उल्लेख गरिन् । आगामी समयमा पनि सबैको साथ सहयोगले अगाडि बढ्ने प्रण उनले लिएकी छिन् । म्युजिक भिडियोमा बिबेक गुरुङ, कृष्टी गुरुङ र सुर्य सुनवारको अभिनय रहेको छ । म्युजिक भिडियोलाई प्रकाश गुरुङ काशले खिचेका हुन् । मुनाल फिल्मस् प्रालीको पोष्ट प्रोड्क्सनमा निर्माण भएको म्युजिक भिडियो रोनीज एण्ड ड्याड युट्युब मार्फत सार्वजनिक गरिएको छ ।

# थप २३६ मा कोरोना संक्रमण

**रासस**
**काठमाडौं, २५ मंसिर**

देशभर पछिल्लो २४ घण्टामा थप २३६ मा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा नौ हजार १७८ को पिसीआर परीक्षण गरिएको थियो ।

यससँगै नेपालमा पिसीआर परीक्षण गरिएका सङ्क्रमितको सङ्ख्या आठ लाख २३ हजार ९०८ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । एन्टिजेन विधिबाट परीक्षण गर्दा सङ्क्रमितको सङ्ख्या ९५ हजार ७७० पुगेको छ । पछिल्लो समय थप ३०७ जना कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या आठ लाख ६ हजार ५४४ पुगेको छ । निको हुने दर ९७ दशमलव नौ प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा कोरोना भाइरसको सङ्क्रमणबाट एक जनाको मृत्यु भएको छ । योसँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५५३ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत छ । त्यसैगरी पछिल्लो समय दुई लाख ६६ हजार ९८८ जनाले कोरोना भाइरसविरुद्धको खोप लगाएको मन्त्रालयले जनाएको छ ।

हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या पाँच हजार ८८३ छ । हाल होम आइसोलेशनमा पाँच हजार ६०६, संस्थागत आइसोलेशनमा २७७, सघन उपचार कक्षमा ११२ र भेन्टिलेटरमा २७ जनाको उपचार हुँदैछ ।

# चिसापानी प्रगतिशिल कृषि सहकारीको चौथो साधारण सभा

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ मंसिर**



पोखरा महानगरपालिका वडा नं. २२ चिसापानीमा रहेको चिसापानी प्रगतिशिल कृषि सहकारीको चौथो साधारण सभा शनिबार सम्पन्न भएको छ ।

कार्यक्रममा प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं.२२ का वडा अध्यक्ष मित्रलाल बरालले कार्यक्रमको उद्घाटन गर्दै बिश्व मै सहकारीले सिमान्तकृत जनताको जिवनस्तर उकास्ने लक्षका साथ सुरुवात भएको बताउदै हाम्रा सहकारीहरु उत्पादनमुखी हुनुपर्ने बताउनु भएको थियो । कार्यक्रममा जिल्ला सहकारी संघ कास्कीका कोषाध्यक्ष नवराज बराल, सितल बचत तथा ऋण सहकारीका अध्यक्ष ईश्वरी लम्साल, छिनेडाँडा कृषी सहकारीका अध्यक्ष ओमनाथ सुवेदी, संस्थापक अध्यक्ष कमल बहादुर रेग्मी लगाएतले सहकारीले नाम जस्तै कृषिको क्षेत्रमा प्रगतिशील रूपमा काम गर्दै आएको बताए । सभाले सहकारीका अध्यक्ष मिनबहादुर बास्तोलाले प्रस्तुत गरेको वार्षिक प्रगति प्रतिबेदन, कोषाध्यक्ष दिपेन्द्र राज पौडेलले प्रस्तुत गरेको आर्थिक प्रतिबेदन, लेखा तथा सुपरिवेक्षण समितिका संयोजक निल बहादुर केसीले लेखा समितिको प्रतिबेदन पारित गरेको छ ।

कार्यक्रममा आर्थिक कारोबार नियमित गर्ने काली गिरी, विद्यार्थीहरु अस्मिता पोखेल र अनुभव बास्तोला, उत्कृष्ट कारोबार कर्ता नन्दकली पौडेल, पशुपालन ब्यबसाय सीता पौडेल, सहकारीवाट ऋण लिई कृषि ब्यबसायबाट राम्रो आय गरेकी इन्दिरा थापा बास्तोला लगाएतलाई पुरस्कृत गरिएको थियो । संस्थाका अध्यक्ष मिनबहादुर बास्तोलाको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत सहसचिव तिलबहादुर आचार्यले र संचालन सचीव प्रेमराज पौडेलले गरेका थिए ।

# ट्र्याक्टर दुर्घटनामा एक जनाको मृत्यु

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २५ मंसिर**

सदरमुकाम बेनीबजारसँगै सिमाना जोडिएको पर्वतको जलजला गाउँपालिका-७ धाइरिङमा शनिबार बिहान भएको ट्र्याक्टर दुर्घटनामा एकजनाको मृत्यु भएको छ ।

धाइरिङको घाखेतबाट मिलनचोकतर्फ जाँदै गरेको ध१त ४४५ नंको ट्र्याक्टर गुन्द्रिखेतको सडकमा पल्टिएर दुर्घटना भएको थियो । ट्र्याक्टरमा च्यापिएर धाइरिङका १२ वर्षीय सन्देश परियारको घटनास्थलमै मृत्यु भएको मिलनचोक प्रहरी चौकीले जनाएको छ । मृतकको शव ब्याकुहोलोडरको सहायताले निकालेर परीक्षणका लागि कुश्मा अस्पताल पठाइएको छ । प्रहरी र स्थानीयवासीले ट्र्याक्टरले च्यापिएको शव निकालेका थिए । दुर्घटना भएको ट्र्याक्टर मोहित मल्लको भएको बताइएको छ । दुर्घटना भएको ट्र्याक्टर मिलनचोकबाट हराएको थियो । ट्र्याक्टरमा तीनजना सवार थिए । सकुशल दुईजनाले आफूहरुले ट्र्याक्टर मिलनचोकबाट घाखेत लगेर फर्कने क्रममा दुर्घटना भएको बताएका छन् ।

# महेन्द्र माविका विद्यार्थीहरुले पाए न्यानो कपडा र स्टेशनरी सामान

**पोखरापत्र संवाददाता**
**पोखरा, २५ मंसिर**



रोटरी क्लव अफ पोखरा न्युरोड र बाबा फाउन्डेसनले संयुक्त रुपमा महेन्द्र मावि पोखरा-१९ कास्की घार्मिका विध्यार्थीहरुलाई पोशाक तथा शैक्षिक सामाग्री वितरण गरिएको छ ।

क्लवका अध्यक्ष सुर्वण प्रसाद कोईरालाले स्कुलसग सधैको लागि नाता गाँस्न आएको बताउदै एकसय बाईस थान टयाकसुट, सय दर्जन कापि, त्यतिनै मात्रामा डट्पेन सिसाकलम, कटर, ईरेजर विद्यालयका अध्यक्ष डुन्डिराज पौडेललाई हस्तान्तरण गर्नुभयो । कार्यक्रममा बाबा फाउन्डेनका अध्यक्ष एवम रोटटरी क्लवका पुर्व अध्यक्ष दिलिपराज श्रेष्ठ, रोटरीका क्वका पुर्व अध्यक्षहरु सुवाश सिग्देल, प्रेम शर्मा, पुष्पकमल पौडेल, रोटरी क्लव ईलेक्टेड प्रेसिडेन्टगीता सिग्देल, गण्डकी कलेज ईन्जेनेरिङ साईन्सका प्रचार्य अशोक पराजुलीको साथै बाबा फाउन्डेसन बाट गोमा जिन्सि आदि विशिष्ट व्यक्तित्वहरुको उपस्थिति रहेको थियो । उपस्थित सम्पुर्ण अतिथि र अभिभावकहरुलाइ स्वागत गर्दे विद्यायलयका प्रध्यानध्यापक बासुदेव पौडेलले विगतमा पनि रोटरी क्लव र बाबा फाउन्डेसनले विभिन्न सहयोग गरेको स्मरण गर्दे आजपनि विध्यालयका विद्यार्थीहरुको पठपाठनमा सहयोग पुर्याउन पोशाक र स्टेनरी सामान वितरण गरेकोमा खुशी व्यक्त गर्नुभयो साथै विध्यालयले अङ्ग्रेजी माध्यममा पढाई सुरुगरेपछि जिल्लाकै उत्तकृष्ट नतिजा ल्याउन सफल भएको जानाकारी दिनुभयो ।

क्वलवका सचिव दुर्गा शर्माले सञ्चालन गरेको उक्त कार्यक्रममा विद्यार्थी, अभिभावक शुभचिन्तकहरुको बाक्लो उपस्थिति रहेको थियो ।

## हार्दिक समवेदना



जन्म
वि.सं १९९८/१२/२३

स्वर्गारोहण
वि.सं. २०७८/०८/१४

स्व. नुरप्रसाद गौतम

यस चण्डीमाई सेवा समितिका आजिवन सदस्य पोखरा महानगरपालिका वडा नं. ९ वास्तोलाथर निवासी नुरप्रसाद गौतमको असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गदैछौं साथै सोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौ।

तेज बहादुर भुजेल
अध्यक्ष
तथा
**चण्डीमाई सेवा समिति परिवार**
**दरबारथोक, पोखरा-९, कास्की**

## Provincial Government
## Ministry of Health and Population
# Infectious and Communicable Disease Hospital
## Pokhara-30, Mohoriya, Kaski
## Gandaki Province, Nepal

## Invitation for Sealed Quotation For the Construction of Canteen Block

**Contract Identification No : ICDH/Works/SQ/ebid-001/078-79**
**Date of Publication: 12 December 2021**

1. The Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski invites electronic sealed quotations from Nepalese eligible bidders for the construction of Canteen Block. The estimated amount for the works is NRs. 14,90,210.82 (Exclusive VAT and Contingency).
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the Infectious and Communicable Disease Hospital, Pokhara-30, Mohoriya, Kaski, Ph no.061-561268 or may visit PPMO e-GP system website www.bolpatra.gov.np/egp.
3. Bidding documents must be purchased through web portal www.bolpatra.gov.np/egp upon payment of a non-refundable fee of Rs.1000.00 by cash deposit in the account specified below: And submit the receipt Voucher along with the bid.
   Name of the Bank: Rastriya Banijya Bank Ltd. Prithvi Chowk Branch
   Name of the Office: Infectious and Communicable Disease Hospital.Kaski
   Office Code No: 3550639014
   Account No: 1000100501004000
   Rajaswa (revenue) Shirshak No:14229
4. Electronic bids must be submitted to the above office through e-GP system i.e www.bopatra.gov.np/egp on or before 12:00 Noon 27 December 2021. Bids received after this deadline will be rejected.
5. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 27 December 2021 on 13:00 hours at the office of Infectious and Communicable Disease Hospital,Pokhara-30, Mohoriya, Kaski. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs. 43,600.00, which shall be valid for 30 days beyond the validity period of the bid.i.e 75 days.
6. If bidder wishes to submit the Bid Security in the form of cash, the cash should be deposited in the account specified below. And submit the receipt of the deposited amount of cash along with the bid.
   Name of the Bank : Rastriya Banijya Bank Ltd. Prithvi chowk, Pokhara
   Name of the Office : Infectious and Communicable Disease Hospital.Kaski
   Office Code No : 3550639014
   Dharauti Account No: 3020100202030000 (Pradesh Lekha Niyantrak Karyalaya, Kaski)
7. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
9. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
10. The remaining matters not covered in this notice shall be as per prevailing Procurement Act and Regulation.

**Office Chief**